# नेपाल बार एशोसिएशनको ४५ औं केन्द्रिय कार्यकारिणी परिषद् तथा वार्षिक साधारण सभाको वैठकद्धारा पारित

## भक्तपुर घोषणा-पत्र

संवैधानिक सर्वोच्चता, स्वतन्त्र, सक्षम न्यायपालिकाप्रतिको अक्षुण्णता नेपाल बार एशोसिएशनको प्रतिवद्धता ।

यस अघिका कार्यकारिणी परिषद् वैठकमार्फत हामीले व्यक्त गरेका दृष्टिकोणहरुप्रति प्रतिवद्ध हुँदै संविधान कार्यान्वयन र कानूनी शासनलाई सुदृढ गर्न नेवाएको ४५ औं कार्यकारिणी परिषद् वैठक यो घोषणा पत्र जारी गर्दछ ।

**१. संविधानका सम्बन्धमा**

१.१. ऐतिहासिक संबिधान सभाबाट जारी भएको नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरुको कार्यान्वयनको लागि निर्माण गर्नु पर्ने सम्पूर्ण कानूनहरु संबिधानले तोकेको समय सिमाभित्रै निर्माण गरी लागू गर्न यो बैठक नेपाल सरकार र संघीय संसदको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

१.२ राज्यका तीनै तहको निर्बाचन सम्पन्न भई संघीय, प्रदेश र स्थानीय सरकारले कार्यारम्भ गरिसकेको बर्तमान अबस्थामा प्रदेश र स्थानीय तहलाई आत्मनिर्भर बनाई भौतिक पुर्वाधार एवं साधन श्रोत सम्पन्न गर्न आवश्यक पहल गर्दै संविधानको अनूसुची ७ र ९ मा तोकिएका साझा सूचीको अधिकारको प्रभावकारी कार्यान्वयन गर्नका लागि संघिय कानून वनाउन तथा वर्तमान कर निर्धारण लगायतका बिषयमा देखिएका असन्तुष्टीहरुको सम्बोधन गर्न यो बैठक संघीय सरकारसंग जोडदार माग गर्दछ ।

१.३ संविधानले व्यवस्था गरेका संवैधानिक अंगहरुका प्रमुख तथा सदस्य पदहरु लामो समयसम्म रिक्त रही त्यस्ता अंगहरुको काम कारवाहीमा पर्न गएको प्रभावलाई अन्त्य गर्न रिक्त पदमा संविधान बमोजिम योग्य र सक्षम व्यक्तिहरुको नियुक्ती गरी अबिलम्ब पूर्ति गर्न यो बैठक संबैधानिक परिषद लगायत सम्वद्ध निकायहरुको ध्यानाकृष्ट गराउँदछ ।

**२. न्यायपालिकाको सम्बन्धमा**

२.१ स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका लोकतन्त्रको आधारस्तम्भ हो भन्ने तथ्यको स्मरण गर्दै न्यायपालिकाको स्वतन्त्रतामा हुने सवैखाले हस्तक्षेपलाई यो वैठक अस्वीकार गर्दछ ।

२.२ सर्वोच्च अदालतका न्यायाधीश र प्रधान न्यायाधीशको नियुक्ती पूर्व हुने संसदीय सुनुवाईको व्यवस्था नेपालको संवैधानिक अभ्यासमा नौलो रहेको, हरेक नयाँ संवैधानिक व्यवस्थाहरु अभ्यास र प्रयोगबाट परिस्कृत र परिमार्जित हुँदै जानेमा यो वैठक विश्वास व्यक्त गर्दछ । यसरी संवैधानिक अभ्यासको क्रममा न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण राख्न न्याय परिषद, संवैधानिक परिषद र संसदीय सुनुवाई विशेष समितिले न्यायाधीश र प्रधान न्यायाधीशको सिफारिस र सुनुवाई गर्दा न्यायपालिकाको स्वतन्त्रता, जनतामा निहित न्यायालयप्रतिको आस्थालाई केन्द्रविन्दुमा राखेर गरियोस् भनि यो बैठक अपिल गर्दछ ।

२.३ विगत देखिनै नेवाएले न्यायपालिकामा रहेको भ्रष्टाचारको विषय उठाउँदै आएको र न्यायपालिकाको नेतृत्वबाट समेत न्यायपालिकामा व्याप्त भ्रष्टाचार निर्मूल गर्ने प्रतिवद्धता व्यक्त गर्दै आएतापनि भ्रष्टाचार न्यूनीकरण हुनुको साटो झन् झन् वढ्दै गएको जनगुनासो रहेको सन्दर्भमा निश्चित न्यायाधीश,

कर्मचारी, कानून व्यवसायी र विचौलियाहरुको मिलेमतोमा भईरहेको भ्रष्टाचार निर्मूल गर्नका लागि विद्यमान संयन्त्रहरुलाई प्रभावकारी बनाउन सम्माननीय प्रधान न्यायाधीश, न्याय परिषद, न्याय सेवा आयोग र कानून व्यवसायी परिषदको ध्यानाकर्षण होस् भनी यो वैठक माग गर्दछ। साथै न्यायपालिकामा रहेको भ्रष्टाचारको अन्त्यका लागि आवश्यक कानूनी तथा संरचनागत उपायहरु अवलम्वन गर्न सम्माननीय प्रधान न्यायाधीश लगायत सम्वद्ध सवैको यो वैठक ध्यानाकर्षण गराउँदछ।

२.४ संवैधानिक तथा कानूनी उत्तरदायित्व निर्वाहको क्रममा न्याय परिषदको भूमिका प्रभावकारी नदेखिएकोले आगामी दिनमा न्याय परिषदले न्यायाधीशहरुले नियुक्ती, सरुवा, अनुशासन सम्बन्धी कारवाही, आचासंहिता उल्लंघन लगायतका विषयमा परेका उजुरी र गुनासोहरुको निराकरण, न्यायपालिकाको शुद्धिकरण तथा सुदृढीकरण गर्न तत्काल आवश्यक पहल गर्न न्याय परिषदसंग यो वैठक जोडदार माग गर्दछ।

## ३. देवानी तथा फौज्दारी संहिताको सम्बन्धमा

३.१ हालै लागु भएको मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ मुलुकी फौज्दारी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौज्दारी कार्यविधि (संहिता) ऐन २०७४ र फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले छरिएर रहेका कानूनहरुलाई एकिकृत गर्दै नेपाली कानूनी प्रणालीलाई आधुनिकीकरण, विधिशास्त्रीयकरण र विस्तृतीकरण गर्ने तर्फ महत्वपूर्ण योगदान पुऱ्याएको महसुस गर्दै यो वैठक उक्त संहिता ऐनहरुको स्वागत गर्दछ।

३.२ उल्लेखित संहिता ऐनहरुमा रहेका कतिपय कार्यविधिगत जटिलता हटाई सहज कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउन संघिय संसद, सर्वोच्च अदालतको ध्यानाकर्षण गराउन यो वैठक नेवाएलाई निर्देश गर्दछ।

३.३ उल्लेखित संहिताहरुको सफल र प्रभावकारी कार्यान्वयनको लागि थप अनुशिक्षण, तालिम र प्रचार प्रसारको कार्यक्रम संचालन गर्न यो वैठक नेपाल सरकार र नेवाएलाई अपिल गर्दछ।

३.४ फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा व्यवस्था गरिएको प्यारोल अधिकृत वा प्रोवेशन अधिकृत सम्बन्धी प्रावधानलाई आवश्यक कानूनी व्यवस्था मार्फत तत्काल लागू गर्न यो वैठक सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ।

३.५ मुलुकी फौज्दारी अपराध (संहिता) ऐन, २०७४ मा रहेका केही प्रावधानहरुले स्वतन्त्र व्यवसायीहरुसंग सम्वन्धित विशेष कानूनमा रहेका प्रावधानहरु विपरित अपराधिकरण गरेको हुँदा आवश्यक परिमार्जन गरी सरोकारवालाहरुको मागलाई यथोचित सम्बोधन गर्न यो वैठक सम्वन्धित पक्षको ध्यानाकृष्ट गर्दछ र सो सम्बन्धमा आवश्यक पहल गर्न नेवाएलाई निर्देश गर्दछ।

## ४. कानून व्यवसाय तथा कानून व्यवसायीको सम्बन्धमा

४.१. नियमित प्रशिक्षण मार्फत कानून व्यवसायीहरुको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले लयर्स एकेडेमी स्थापना हुनु अपरिहार्य भएको महसुस गर्दै प्रस्तावित लयर्स एकेडेमी विधेयक तत्काल पारित गरी लागू गर्न नेपाल सरकार तथा संघीय संसदसंग यो वैठक जोडदार माग गर्दछ।

४.२. कानूनी शिक्षा र कानून व्यवसायी परीक्षा प्रणालीबीच देखा परेको समस्या समाधान गर्न नेवाए र कानून व्यवसायी परिषद्को यो वैठक ध्यानाकर्षण गराउँदछ।

४.३. राज्यको कुनै एक निकायमा दर्ता भई नियमित कर चुक्ता गरेका कानून व्यवसायीको कार्यालयलाई स्थानीय तहमा पनि दर्ता गर्न बाध्य बनाउन लागेको दोहोरो दर्ता सम्बन्धी प्रावधान अविलम्व खारेज गर्न यो वैठक जोडदार माग गर्दछ।

४.४. स्थानिय तह र अन्य न्यायिक, अर्धन्यायिक निकायले सम्पादन गर्ने न्याय सम्बन्धी कार्यमा कानून विज्ञको अनिवार्य संलग्नतालाई तत्काल सुनिश्चित गर्न यो वैठक जोडदार माग गर्दछ।

४.५. कानून व्यवसायलाई मर्यादित र अनुशासित बनाउने स्थायी संयन्त्र तयार गर्दै कानून व्यवसायीको आचार संहितामा सुधार गरी प्रभावकारी कार्यान्वयन गर्न नेवाए र कानून व्यवसायी परिषद्लाई यो वैठक अनुरोध गर्दछ ।

**५. मानव अधिकारको सम्बन्धमा**

५.१. नेपालको शान्ति प्रकृयाका महत्वपूर्ण कार्यहरुमध्ये सेना समायोजन नयाँ संविधानमार्फत राज्यको पुनरसंरचना, द्वन्द्वपिडितलाई अन्तरिम राहत तथा वेपत्ता र सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने जस्ता महत्वपूर्ण कामहरु भएतापनि शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुचाउन बाँकी कामहरु समयमै सम्पन्न गर्न यो वैठक जोडदार माग गर्दछ ।

५.२ वर्तमान अवस्थामा मुलुकमा भईरहेको लैङ्गिक हिंसा, हत्या, वलात्कार जस्ता जघन्य मानव अधिकार उल्लङ्घनका घटनाहरु निरन्तर वृद्धि भईरहेको हुँदा यस्ता मानवता विरोधी तथा मानव अधिकार विरोधी घटनाहरु तत्काल नियन्त्रण गरी दोषीहरुलाई कानूनी दायरामा ल्याई पिडितलाई क्षतिपूर्ती उपलव्ध गराउन यो वैठक जोडदार अपिल गर्दछ ।

५.३ संविधानले सुनिश्चित गरेको स्वतन्त्रताको अधिकारको विपरित व्यक्तिलाई गैरकानूनी थुनामा राख्ने, त्यस्तो थुनालाई सर्वोच्च अदालतले वन्दीप्रत्यक्षीकरणको आदेश मार्फत थुनामुक्त गर्न दिएको आदेश पश्चात पनि वन्दीलाई अदालतकै परिषरवाट पुनः हिरासतमा लिने, झुठ्ठा मुद्दा सिर्जना गरी पुनः गैरकानूनी थुनामा राख्ने गरी राज्यको तर्फबाट भईरहेका काम कारवाहीहरुप्रति यो परिषद् वैठकको गंभीर ध्यानाकर्षण भएको छ । अदालतको आदेश समेत नमान्ने प्रवृत्तिले लोकतन्त्रको खिल्ली उडाएको छ भने स्वयं संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायालयको गरिमामा समेत ठेस पुग्न गएको छ । अदालतको आदेश र संवैधानिक व्यवस्थाको सम्मान गर्न यो परिषद् वैठक नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

**घोषणापत्र मस्यौदा समिति**

**संयोजक सुनिल कुमार पोखरेल**
**इश्वरी प्रसाद भट्राई**
**कपिलचन्द्र पोखरेल**
**अनिता जोशी मानन्धर**
**लक्ष्मण थपलिया**
**किरण न्यौपाने**
**रामनारायण कुर्मी**

**नर बहादुर खड्का**
**रक्षा वस्याल**
**सूर्य बहादुर गुरुङ्ग**
**राम कुमार निरौला**
**राजन प्रसाद दाहाल**
**मानबहादुर रुम्दाली**

**मिति २०७५।५।९ गते**